## Ⅷ-2 श्रम

### 1. श्रम का शर्तहरु

जापानमा न्यूनतम पालन गर्नु पर्ने कुराहरु श्रम कानुन द्वारा निर्धारण गरिएको छ। । जापान देश भित्र श्रम गर्दा राष्ट्रियता, धर्म वा सामाजिक स्थितिको कारणले भेदभाव गर्न मनाही छ। । रोजगार प्राप्तिपछि कामका सर्तहरूबारे रोजगारदातासंग स्पष्ट कुराकानी गर्नुपर्छ । कानूनअनुसार रोजगारदाताले कामदारलाई निम्न मामिलाहरूमा स्पष्ट कागजात दिनुपर्दछ ।

(1) अनुबंध,नियुक्ति अवधि ।

(2) काम गर्ने ठाउँ र कामको बिषय ।

(3) काम सुरू र अन्तको समय,ब्रेक समय,छुट्टीको दिन,ओभरटाइम,ज्याला ।

(4) तलब निर्धारण,गणना र भुक्तानी विधिहरू ।

(5) ज्याला वेतन अन्तिम मिति र भुक्तानीको समय ।

(6) सेवानिवृत्ति र जागिर को बर्खास्त संबन्धि कारणहरु ।

यदि बोनस भुक्तानी, सेवानिवृत्ति सुविधाहरू आदि भुक्तान गर्नुपर्ने भए तिनीहरू पनि लेखिन्छन् । पार्टटाइम कामदारहरूका लागि "त्यहाँ तलब,सेवानिवृत्ति भत्ता छ कि छैन" सोध्नुपर्छ । कतिपय स्पस्ट हुन नसक्ने बिषयमा रोजगारदाता कम्पनी र कामदार बिच सोधपुछका माध्यमबाट समाधान हुने भएकाले प्रश्न सोध्ने बानीको विकास आफैबाट गर्नुपर्छ ।

### 2. श्रम मापदण्ड

श्रम मापदण्डले निम्न बिषय समावेश गर्दछ:

**(1) श्रम मापदण्ड कानून**

A. खारेजको सूचना

रोजगारदाताहरूले कामदार बिरामी वा घाइते भएर  काम (काम) बाट विश्राम लिन्छन् भने सो समएमा अनि कामदार ठिक भै काममा फर्किएको ३० दिन सम्म काम बाट निस्कासित गर्न मिल्दैन। अन्येथा कानुन कानून द्वारा तय गरिएको क्षतिपूर्ति दिन पर्न पनि सक्छ।

B. रोजगार खारेजको सूचना

यदि रोजगारदाताले कामदार छोडाउन चाहन्छ भने कम्तिमा 30 दिन पहिले थाहादिनु पर्दछ । ताकी सो अवधिमा कामदारले अर्को काम खोज्न सकोस् ।

C. काम दिन नसकेमा

येदि कुनै कारण बस रोजगारदाताले श्रमिकलाई काम दिन सक्दैन भने सो बापत न्युनतम तलबको ६०% काम नभएपनि दिनु पर्ने हुन्छ।

D. कामको घण्टा

सामान्य नियमको रूपमा, काम गर्ने दिनको 8 घण्टा र ब्रेक 1 घण्टाको ब्यवस्था रहेको छ । त्यस्तै हप्तामा 40 घण्टा भन्दा बढी काम गराउन कानुनीरुपमा निषेध गरिएको छ। निर्धारित समय भन्दा बढी कामको थप ज्याला दिइनेछ।

**(2) न्यूनतम ज्याला**

कानून अनुसार ज्यालाको न्यूनतम रकम तोकिएको छ । व्यवसायका बारेमा तय गरिएको ज्याला कम्पनीले घटाउन नपाउने ब्यवस्था कानुनमा उल्लेख गरिएको छ ।

## 3. श्रम निरीक्षण कार्यालय

श्रम सम्बन्धि समयस्या या कुनै आपतकालिन विपद परेको  समयमा श्रम सम्बन्धि परामर्सको लागि श्रम मापदण्ड निरीक्षण कार्यालय लाई संपर्क गर्नुहोस्।बिस्तृत जानकारीका लागि कृपया श्रम मानक निरीक्षण कार्यालयको परामर्श शाखामा सम्पर्क गर्नुहोस् ।(परिशिष्ट IV-4)

## 4. प्रकोपको निगरानी

कामका कारण वा कामको बेला बिरामी वा घाइते भएमा अनि घटनाको श्रम मापदण्ड निरीक्षण कार्यालय द्वारा स्वीकृत भएमा कामको श्रमिक क्षतिपूर्ति बीमा बाट उपचार गर्छ, काम गर्न नसक्दा सम्म को भत्ता, अशक्तता निवृत्तिभरण आदि मिल्छ । थप जानकारीका लागि कृपया श्रम मापदण्डको कार्यालयलाई सम्पर्क गर्नुहोस् ।

## 5. परामर्श

काम गर्ने अवस्थासंग सम्बन्धित समस्याको परामर्शका लागि ओसाकाको लेबर ब्यूरो कार्यालयमा सम्पर्क गरि विदेशी श्रमिकले परामर्श लिन सकिन्छ। अंग्रेजी, चिनियाँ, पोर्तुगालि、भेतनामी भाषामा पनि सेवा लिन सकिन्छ।
(परिशिष्ट IX-2)

अनि बिदेसी नागरिकको लागि फोन बाट पनि अंग्रेजी, चिनियाँ, पोर्तुगालि、स्पेनिश 、ताकारोगु 、भेतनामी 、म्यानमा、 नेपाली भाषामा सेवा लिन सकिन्छ।
(परिशिष्ट IX-2)

## 6. रोजगार बीमा

येदि कामदार बेरोजगार भएमा आफु र आफ्नो परिवार को  व्यवस्थित जीवन मा अनेक असर आउन सक्छ।  यो अवस्था मा थोरै भएपनि सहयोगको लागि बेरोजगारी भत्ता को लाव लिन सकिन्छ। तेस को लागि हेलो वर्क मा संपर्क गर्नु होला।तपाइको रोजगार बिमा तपाई ले काम गर्ने कंपनीले गराउनु पर्ने हुन्छ।